## सूचनाहरू

सबै सुनुवाई र निर्णय सूचनाहरू सबै पक्षहरूलाई ईमेल मार्फत पठाइनेछ, यदि प्रदान गरिएको छ भने, अन्यथा प्रमाणित हुलाक मार्फत पठाइनेछ। निरन्तरता सीमित छ, त्यसैले कृपया आफ्नो मुद्दा प्रस्तुत गर्न तयार हुनुहोस् ।

## उजुरी फिर्ता

बोर्डको क्लर्कलाई लिखित रुपमा उजुरी गर्ने व्यक्तिले स्वेच्छाले फिर्तीको सूचना फाइल गरेर उजुरी फिर्ता लिन सक्दछ। यद्यपि, यदि शिक्षा बोर्डलाई उजुरीको बारेमा सूचित गरिएको छ भने, तिनीहरूसँग अझै मुद्दा हाल्ने अवसर हुनेछ ।

## निर्णयहरु

बोर्ड द्वारा गरिएका सबै निर्णयहरु रेकर्ड मा राखिएको हुनेछ। निर्णयको प्रतिलिपिहरू सबै पक्षहरूलाई ईमेल मार्फत पठाइनेछ, यदि प्रदान गरिएको छ भने, अन्यथा प्रमाणित हुलाक मार्फत पठाइनेछ ।

## तपाईंको निर्णयको अपील गर्नु

संशोधन बोर्डको निर्णयबारे ओहायो बोर्ड अफ ट्याक्स अपीलमा वा कोर्ट अफ कमन प्लीजमा अपील गर्नको लागि बीओआरले निर्णयको सूचना पठाएको ३० दिन भित्र गर्न सकिन्छ ।

अपीलको एक प्रतिलिपि पुनरावेदन बोर्डको फाइलसंग पेश गर्नुपर्नेछ ।

अपील फारम (DTE4) को लागि तपाइँ बिओआर (BOR) लाई अनुरोध गर्नुहोस् वा निम्न लिंकबाट डाउनलोड गर्नुहोस् franklincountyauditor. com/real-estate/board-of-revision ।

## मूल्य परिवर्तनहरू

सबै निर्णयहरू अपीलको लागि ३० दिनसम्म पेन्डिंग राखिनेछ। त्यो समय सीमा समाप्त हुंदासम्म, यदि कुनै अपील दायर गरिदैन भने, रेकर्डमा समायोजन गरिनेछ र यदि कुनै मूल्य घटाएको अवस्थामा सोको फिर्ती वा क्रेडिट जारी गरिनेछ ।

MICHAEL STINZIANO
Franklin County Auditor

# संशोधन बोर्ड

franklincountyauditor.com

हामीलाई ट्विटरमा फलो गर्नुहोस्
twitter.com/FC_Auditor

हामीलाई फेसबुकमा लाईक गर्नुहोस्
facebook.com/mstinziano

MICHAEL STINZIANO
Franklin County Auditor

franklincountyauditor.com

# तपाईंको सम्पत्तिको मूल्य समीक्षा




**संशोधन बोड**
373 S. High Street, 20th Floor
Columbus, OH 43215
P: (614) 525-HOME
F: (614) 525-6252


हामीलाई ट्विटरमा फलो गनुर्होस
twitter.com/FC_Auditor

हामीलाई फेसबुकमा लाईक गनुर्होस
facebook.com/mstinziano

# पुनरावलोकन बोर्ड

## पुनरावलोकन बोर्ड को प्रयोजन के हो?

पुनरावलोकन बोर्डको (BOR) स्थापना कर आर्थिक वर्षको लागि कर तिर्ने मिति (जनवरी १) सम्म मूलभूत सम्पत्तिको मूल्यांकन समीक्षा गर्नको लागी हो। बीओआर (BOR) ले सम्पतिको मूल्याँकन बिरूद्व गुनासोको समर्थनमा सबै उपलब्ध मान्य प्रमाणहरु माथि विचार गर्दछ। बीओआर (BOR) ले करको बारेमा गुनासो सुन्दैन। बीओआर (BOR) को उद्देश्य सम्पत्ति मालिकको सम्पत्तीको मूल्यांकनको उचित समीक्षाको लागि सहयोग प्रदानगर्नु हो।

**तपाईंको सम्पत्तीको मूल्यांकन गर्नुहोस्**

बीओआर (BOR) एउटा तीन सदस्यीय सम्पत्ति मूल्यांकन समीक्षा प्यानल हो जसमा काउन्टी लेखा परीक्षक, काउन्टी कोषाध्यक्ष, र एकजना काउन्टी आयुक्त बोर्डको सदस्य वा उनीहरूको प्रतिनिधिहरू समावेश हुन्छन्।

# सुनुवाई बनाम मध्यस्थता

संशोधन बोर्डको धेरै उजुरीहरुको लागि औपचारिक व्यक्तिगत सुनवाईको आवश्यकता हुन्छ। तापनि, तपाईंको मुद्दा मध्यस्थताका लागि योग्य हुनसक्छ, तपाईंलाई फ्र्यांकलिन काउन्टी लेखापरीक्षक कार्यालयको मध्यस्थता कार्यक्रम मार्फत अनौपचारिक कुराकानीको ढाँचामा तपाईंको सम्पत्तीको मूल्यबारे छलफल गर्ने अवसर दिइनेछ। सबै बीओआर (BOR) गुनासोहरू कर्मचारीद्वारा समीक्षा गरिन्छ र मध्यस्थताको लागि मापदण्डयोग्य व्यक्तिहरूलाई मध्यस्थता कार्यक्रममा पठाइन्छ।

# मध्यस्थता

## तपाईंको सम्पत्तिको मूल्यांकनको सम्झौतामा पुग्नुहोस्

मध्यस्थता एक अवसर हो जहाँ एक स्वतन्त्र र तटस्थ (मध्यस्थकर्ता) व्यक्तिले सम्पत्ती मालिक र लेखा परीक्षकको कार्यालय बीच सम्पत्ति मूल्यांकन सम्बन्धमा एक स्वैच्छिक सम्झौतामा उनीहरूलाई सहयोग पुर्‍याउन संवाद र कुराकानीगर्न सहयोग पुर्‍याउँछ। यो कुरा संशोधन बोर्डको सुनवाई प्रक्रिया भन्दा बाहिर गरिन्छ। यद्यपि, बीओआर (BOR) ले मध्यस्थतामा पुगेको कुनैपनि सम्झौता स्वीकृतगर्न अनिवार्य छ।



# कसरी उजुरी फाइल गर्ने

**यी निर्देशनहरू कानूनी सल्लाहको रूपमा प्रयोगगर्ने उद्देश्यको लागि होइनन्**

उजूरी फारमहरूको लागि franklincountyauditor.com/real-estate/board-of-revision मा हेनुहोस वा (614) 525-3913 नम्बरमा फोन गर्नुहोस र त्यसको एउटा प्रतिलिपि तपाईंलाई पठाइनेछ।

तपाईंले जुन कर-बर्षमा फाइल गर्नुहुन्छ त्यहीमात्र हेर्नु संशोधन बोर्डलको कार्यक्षेत्र हो। कुनै लाई अघिल्ला वर्षहरूबारे विचार गरिनेछैन ।

गुनासोहरू मार्च ३१ सम्म स्वीकार गरिनेछ (वा त्यस पछिको कार्यदिन यदि मार्च ३१ सप्ताहन्तमा पर्छभने)।

## उजुरी फाइल गर्न सकिन्छ:

- व्यक्तिगत उपस्थितिमा वा हुलाकद्वारा
  373 S. High St., 20th Floor
  Columbus, OH 43215
  मार्च ३१ भन्दा पछिको पोस्टमार्क हुनुहुदैन (वा त्यस पछिको कार्यदिन यदि मार्च ३१ सप्ताहन्तमा पर्छभने)
- इमेल द्वारा: bor@franklincountyohio.gov
- फ्याक्स मार्फत: (614) 525-6252

## तपाइँको उजुरीसंग के बुझाउने?

निष्पक्ष बजार मूल्य प्रमाणितगर्नु फाइल गर्नेको उत्तरदायित्व हो। निम्न कागजातहरूले तपाइँको गुनासो द्रुत समाधानको लागि मद्दत गर्नसक्छ:

- तपाईंको सम्पत्तीको आन्तरिक क्षति वा अवस्थाको फोटोहरू।
- हालसालैको स्वतन्त्र शुल्क मूल्यांकन।
- भर्खरै बेचेको सम्पत्तीहरूको कागजात, बिक्री र खरीद सम्झौताको प्रतिलिपि।
- आय र व्यय बिवरण, यदि लागू भएमा।
- तुलनात्मक बिक्रीहरु।

# सुनुवाईमा के कुराको अपेक्षा राख्ने

जब तपाईले तपाइँको सुनुवाईको सूचना प्राप्त गर्नुहुन्छ, कृपया franklincountyauditor.com/real-estate/board-of-revision मा पोस्ट गरिएको अभ्यास र प्रक्रियाहरुको नियमहरु समीक्षागर्न केहि समय लिनुहोस् । बीओआर (BOR) को सुनुवाई अदालतको मुद्दासँग मिल्दोजुल्दो हुन्छ, साक्षीहरू, दस्तावेज़ र नियमहरू आदि।

## को उपस्थित हुन्छन्?

- लेखा परीक्षक, आयुक्तहरूको बोर्ड, र कोषाध्यक्ष प्रतिनिधित्वगर्ने तीन सुनुवाई अधिकारीहरूको प्यानल।
- गुनासोगर्नेको पक्षबाट सम्पत्ति मालिक, उनीहरूको कानूनी प्रतिनिधित्व, र/वा शिक्षा बोर्ड समावेश गर्न सकिन्छ।

## सुनुवाईमा के हुन्छ?

- एक सुनुवाई अधिकारीले मुद्दा पेश गर्दछ र त्यसपछि तपाइँलाई आफ्नो नाम भन्न लगाउने छन्।
- अपील दायर गर्ने ("उजुरीकर्ता") पार्टीको रुपमा, तपाईंले पहिले आफ्नो मुद्दा प्रस्तुत गर्नुहुनेछ, तपाईले खोज्नु भएको मूल्याँकनको समर्थनमा तपाईले प्रस्ताव गर्नुभएको सबै प्रमाण र गवाही पेश गर्नुहुनेछ।
- कुनै पनि व्यक्ति जसले गवाही दिन्छ उसले गवाहीको रूपमा शपथ लिनेछ।
- प्रमाणका लागि पेश गरिएका सबै कागजातहरूमा चिन्ह लगाइनेछ र बोर्डमा राखिनेछ।
- तपाईंको प्रस्तुतीकरणको अन्त्यमा, बाँकी पार्टीहरूको समूहले वा सुनुवाई अधिकारीले तपाईंलाई प्रश्नहरू ("दोहोरो-जाँच") गर्न सक्छन्।
- सुनुवाई सामान्यतया १०–३० मिनेटको हुनेछ।

## निर्णय कहिले लिईन्छ त?

बीओआरको सुनुवाई समाप्त भएपछि, बोर्डका तीन सदस्यले बीओआरको कार्यवाहीको रेकर्ड, प्रस्तुत गरिएको गवाही र प्रमाणको लागि पेश गरिएको दस्तावेज माथि विचार गर्नेछन्। जब एउटा निर्णयमा पुगेपछि, यसबारे सबै पार्टीहरूलाई ईमेल मार्फत, यदि प्रदान गरिएको छ भने, वा प्रमाणित हुलाक मार्फत जानकारी गराईनेछ।